# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

सूचना नम्बर: ००८-२०८१/०८२

## खुला तिज गीत प्रतियोगिता सम्बन्धी सूचना।।।

(प्रकाशित मितिः २०८१/०४/३१ गते)

चन्द्रकोट गाउँपालिका, गुल्मीको आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार महिलाहरुको महान पर्व हरितालिका तिज-२०८१ को पावन अवसरमा महिला दिदिबहिनिहरुमा संस्कृति प्रतिको झुकाव, आत्मियता, एकता र सामाजिक बन्धनको विकास गर्ने उद्देश्यले तपशिल बमोजिमको मिति, समय र स्थानमा खुला तिज गीत प्रतियोगिता कार्यक्रमको आयोजना गरिएकोले चन्द्रकोट गाउँपालिकाभित्रका ईच्छुक महिलाहरु आ-आफ्नो समूह बनाई तपशिल अनुसार हुनेगरी सहभागिता जनाउनको लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिलः**

कार्यक्रम संचालन हुने मितिः २०८१ भाद्र १६ गते आईतवार

स्थानः चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको भवन अगाडिको खुला स्थान

समयः विहान ठिक १० बजेदेखि

**प्रतियोगिता सम्बन्धी नियमहरुः**

१. सहभागि संख्या बाद्यवादन तथा नृत्यकार सहित बढिमा १० जनाको हुनुपर्नेछ।

२. गीतको शव्द र लय सकेसम्म मौलिक हुनु पर्नेछ, गीत मार्फत कसैलाई आरोप प्रत्यारोप गर्न वा साम्प्रदायिक हिंसा भड्किने शव्दहरु राख्न पाईने छैन।

३. मौलिक पहिचान झल्किने भेषभूषा हुनु पर्नेछ।

४. बाद्यवादनका सामाग्रीहरु समूह आफैले व्यवस्थापन गर्नुपर्नेछ।

५. एक समूहलाई बढिमा १२ मिनेटको समय प्रदान गरिनेछ सहभागिले तोकिएको विषयवस्तुमा आधारित रहेर आफ्नो समूहको गीत प्रस्तुत गर्नुपर्नेछ।

६. गीत *हरितालिका तिजको महत्व, नारी जागरण, संस्कृति संरक्षण र भित्रिएको आधुनिकताले सामाजमा पारेको प्रभावको* बारेमा आधारित भएर प्रस्तुत गर्नुपर्ने छ।

**पुरस्कार सम्बन्धी व्यवस्थाः**

प्रथम पुरस्कारः नगद रु १५,००० र प्रमाणपत्र

द्वितिय पुरस्कारः नगद रु १२,००० र प्रमाणपत्र

तृतिय पुरस्कारः नगद रु ८,००० र प्रमाणपत्र

सान्त्वना पुरस्कारः नगद रु ५,००० र प्रमाणपत्र

**समूह दर्ता सम्बन्धी व्यवस्थाः** प्रतियोगितामा सहभागिता जनाउन चाहने ईच्छुक समूहले २०८१ भाद्र १४ गते दिनको ३ बजेभित्र गाउँपालिकाको प्रशासन शाखामा उपस्थित भै समूह दर्ता गराउनुपर्ने छ।

थप जानकारीका लागिः चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी वा ९८५७०६०९६३/९८४४०७५७७६ मा सम्पर्क गर्न सकिनेछ।

२०८१/०४/३१

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**बुद्ध प्रकाश पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**